# पञ्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क: ९८५८७८४०००
Email: info@pancheshwormun.gov.np


## तालिम सहजीकरण र परामर्श सेवाका लागि विज्ञ/प्रशिक्षक सूचीकृत गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

(प्रकाशित मिति :- २०८३/०१/१६)

उपर्युक्त विषयमा, पञ्चेश्वर गाउंपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम् संघीय विशेष अनुदानबाट सञ्चालित **'पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम'** गाउँ कार्यपालिकाबाट स्वीकृत **'पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२'** अनुसार सञ्चालन हुने तालिमको सहजीकरण र परामर्श सेवाका लागि विज्ञ/प्रशिक्षक सूची तयार गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पञ्चेश्वर गाउँपालिका कार्यालय आम्चौरा बैतडी वा इमेल ठेगाना ito.pancheshwormun@gmail.com मा योग्यताका प्रमाणपत्र सहित आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

### कार्य विवरण :

<table>
<tr><th>क्र.सं.</th><th>क्रियाकलाप</th><th>उद्देश्य</th><th>आवश्यक योग्यता</th></tr>
<tr><td>१</td><td>किसानहरुलाई तालिम</td><td>पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण, जैविक खेती, पोषणका व्यवहारिक अभ्यास तथा उपकरणहरुको प्रयोग, उत्पादनको गुणस्तर नियन्त्रण र नवीनतम् प्रविधिको प्रयोग सम्बन्धीज्ञान सीप बढाउने ।</td><td rowspan="3">स्वास्थ्य, वन, कृषि जस्ता विषयमा प्रविणता प्रमाण पत्र तह वा स्नातक तह उत्तीर्ण गरी पोषण र उद्यमशीलताको क्षेत्रमा समेत कम्तिमा ५ वर्षको अनुभव भएको वा सो सरहको जिम्मेवारी लिई स्थानीय तहमा काम गरेको वा गरिरहेको ।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम</td><td>स्वास्थ्य, पोषण र स्थानीय खाद्यवाली तथा जैविक विविधता सम्बन्धीज्ञान सीप बढाउने ।</td></tr>
<tr><td>३</td><td>स्वास्थ्यकर्मीहरुलाई तालिम</td><td>स्वास्थ्य, पोषण र स्थानीय खाद्यवाली तथा जैविक विविधता सम्बन्धी ज्ञान सीप बढाउने ।</td></tr>
<tr><td>४</td><td>व्यवसायिक योजना निर्माण</td><td>परम्परागत अन्न, तरकारी, मह, दूध, घ्यू, माछा, मासु, अण्डा तथा फलफूल उत्पादन गरिरहेका र व्यवसायिक रुपमा यस्ता उत्पादन वृद्धि गर्न चाहने किसानहरुको व्यवसायिक योजना बनाई उद्यम सञ्चालन गर्न सहयोग गर्ने ।</td><td>परम्परागत कृषि प्रणाली र उद्यमशीलताका क्षेत्रमा व्यवसायिक योजना बनाउन सक्ने सीप भएको वा स्थानीय तहमा सोही प्रकृतिको जिम्मेवारी लिई काम गरेको वा गरिरहेको ।</td></tr>
<tr><td>५</td><td>पोषणको अवस्थाबारे अध्ययन गरी पोषण प्रोफाईल निर्माण ।</td><td>आधारभूत स्वास्थ्य र पोषण सम्बन्धी स्थानीय परिवेश बिश्लेषण गरी समस्या र सम्भावना सहितको पोषण प्रोफाइल निर्माण गर्ने ।</td><td rowspan="3">स्वास्थ्य, वन, कृषि जस्ता बिषयमा प्रविणता प्रमाण पत्र तह वा स्नातक तह उत्तीर्ण गरी पोषण, उद्यमशीलता र स्थानीय तहको नीति तथा योजना तर्जुमा प्रक्रियामा समेत योगदान गरेको कम्तिमा ५ वर्षको अनुभव वा सोही प्रकृतिको जिम्मेवारी लिई स्थानीय तहमा काम गरेको वा गरिरहेको ।</td></tr>
<tr><td>६</td><td>पोषण सम्बन्धी सन्देशमूलक सामग्री प्रकाशन ।</td><td>पोषण, यसको अभावले बालबालिका, महिला लगायत मानिसहरुमा पार्ने समस्या, पोषणमैत्री खाना र यसको उपलब्धता, खानपानको तरिका, रैथाने उत्पादन प्रणालीले पोषणका क्षेत्रमा गर्ने योगदान, स्थानीय तहमा पोषणमैत्री उत्पादन, उपयोग र उद्यमशीलताका सम्भावना, स्थानीय तहले पोषणमैत्री पालिका निर्माण गर्न अवलम्बन गर्नुपर्ने नीति सहितको शैक्षिक सामग्री निर्माण र प्रकाशन गर्ने ।</td></tr>
<tr><td>७</td><td>कार्यविधि निर्माण ।</td><td>१. पोषणमैत्री पालिका निर्माणका मापदण्ड र कार्यविधि ।<br>२. पोषणमैत्री उत्पादन वृद्धि र बजार व्यवस्थापन सम्बन्धी कार्यविधि ।</td></tr>
</table>




CamScanner

सम्पर्क: ९८५८७८४०००
Email: ito@pancheshwormun.gov.np

| | | | |
|---|---|---|---|
| | | ३. पोषणमैत्री कृषि उत्पादन र प्रवर्द्धनका लागि प्रविधिको प्रयोग र नवीनतम् अभ्यास सम्बन्धी कार्यविधि ।<br>४. जैविक विविधता संरक्षण तथा जीविकोपार्जन सम्बन्धी कार्यविधि ।<br>५. यस कार्यक्रम अन्तर्गत वित्तीय सहयोगमा सञ्चालन भएका उद्योग व्यवसाय व्यवस्थापन सम्बन्धी विषयगत कार्यविधिहरु । | |
| ८ | स्थानीय व्यापारीसंग अन्तर्क्रिया । | स्थानीय उत्पादनको बजार प्रवर्द्धनका सन्दर्भमा व्यापारीहरुसंग छलफल गरी राय परामर्श लिने, स्थानीय उत्पादनको गुणस्तर, मूल्य, माग, आपूर्ति जस्ता विषयमा छलफल गरी व्यवहारिक नीतिको आधार निर्माण गर्ने । | |
| ९ | सहकारीसंग छलफल | सहकारी संस्था मार्फत कृषिमा आधारित लगानी बढाउनका लागि सम्भावना र जोखिम पहिचान गर्ने, रैथाने कृषि उत्पादन एवं बजार प्रवर्द्धनमा सहकारीको भूमिका पहिचान गर्ने । | |
| १० | पोषण र शैक्षिक क्षेत्रको भूमिका सम्बन्धी वडा तहमा छलफल । | विद्यालयमा खुवाईने खाजालाई स्थानीय खाद्यवस्तुमा आधारित बनाउन र पोषण मापदण्ड अनुसार खाजा तयार हुन सक्ने विषयमा योजना निर्माण गर्ने । | |
| ११ | समुदाय र सरोकारवालाहरुको धारणा लिने गरी वृत्तचित्र निर्माण । | पञ्चेश्वर गाउँपालिकाको पोषण स्थिति, सम्भावना, स्थानीय तहले लिनु पर्ने नीति र त्यसले समुदायमा ल्याउने प्रभावको विषयमा भिडियो तयार गर्ने । | पञ्चेश्वर गाउँपालिकाको भूगोल, समुदाय, मूल्य मान्यता बुझेको र समुदाय तथा सरोकारवालासंग समन्वय गर्न सक्ने, वृत्तचित्र निर्माणका लागि आवश्यक हुने उपकरण र वैधता भएको । |

**आवेदन साथ पेश गर्नु पर्ने कागजपत्रहरु:**

१ विज्ञ सूचीमा दर्ताको लागि निवेदन,
२ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. वैक्तिक विवरण,
४. शैक्षिक योग्यता र अनुभवका प्रमाणहरु,
५. स्थायी लेखा नं. ।

**आवेदन पेश गर्ने ठेगाना:**

पञ्चेश्वर गाउँपालिकाको कार्यालय, आम्चौरा, बैतडी वा इमेल ito.pancheshwormun@gmail.com
थप जानकारीका लागि सम्पर्क नं. ९८४८७१८००५/९८४८८३२२५४

कृष्ण बहादुर वोहरा
प्रशासकीय अधिकृत

कृष्ण बहादुर बोहरा
प्रशासकीय अधिकृत



CamScanner